भोटेकोशी गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : ०७७/०४/२९**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं ०७७।०७८ च.नं २३ मिति २०७७।०४।१२ को पत्रानुसार यस भोटेकोशी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

तपशील :

| क्र.स | विज्ञापन नं | पद | तह | माग संख्या | नियुक्तको किसिम | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौ तह सरह | १ जना | करार | १००० |

१ आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव :

क० सिभिल ईन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

ख० प्राविधिक सहायकमा देहायको सीप र अनुभव आवश्यक पर्नेछ।

- कम्तीमा ३ महिने तालीम लिई आधारभूत कम्प्यूटर सीप भएको ।
- पूर्वाधार निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग० उमेर :- कम्तिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको।

२ द्ररखास्त दिने स्थान -:भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय।

३ दरखास्त दिने अन्तिम मिति :- २०७७।०५।११ गते

४ छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

५ आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

६ सेवा सुविधा :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

७ पदले सम्पादित गर्नुपर्ने कार्य विवरण :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

८ परीक्षा हुने मिति सम्छिप्त सूची प्रकाशन पछि प्रकाशित गरिनेछ।

**नोट :- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी** www.pmep.gov.np **मा उपलब्ध छ।**

प्रमुख प्रशासकीय अधिकृत